## परिच्छेद - २

## जुवा तास नियन्त्रण सम्बन्धि व्यवस्था

**३. जुवा नियन्त्रण**

३.१ यस गाउँपालिका भित्रका क्षेत्रमा जुवाजन्य गतिविधि पूर्ण रुपमा प्रतिवन्ध गरिएको छ ।

**३.२** कुनै व्यक्तिले जुवा, तास र यस्तै गतिविधिलाई दुरुत्साहान गर्ने खालका समाग्री निकासी वा पैठारी गर्न पाउने छैन ।

**४. जुवा खेल्न वा खेलाउनमा प्रतिबन्ध**

४.१ कुनै व्यक्तिले जुवा खेल्न, खेलाउन वा जुवा खेल्ने खाल थाप्न वा आफ्नो हकको वा आफ्नो भोग चलन वा जिम्माको कुनै घर कोठा वा ठाउँलाई जुवा खेल्ने वा खेलाउने काममा व्यवहार गर्न वा गराउन, जुवा खेलेको ठाउँमा बस्न हुँदैन ।

४.२ कुनै व्यक्तिले उपदफा (१) बमोजिम कसूर हुने काम कुरा भएको वा हुन लागेको देखी जानी सो दबाउन वा त्यसको कसूर गर्नको निमित्त अरु कसैलाई कुनै प्रकारको मद्दत वा दुरुत्साहन दिनु हुँदैन ।

## परिच्छेद - ३

## जुवा तास नियन्त्रण तथा नियमन समिति सम्बन्धि व्यवस्था

**५. समिति गठन**

५.१ जुवा तास नियन्त्रण तथा नियमन गर्नका लागि यस गाउँपालिकामा जुवा नियन्त्रण तथा नियमन मुल समिति रहने छ ।

| | | |
|---|---|---|
| क) गाउँपालिका अध्यक्ष | - | संयोजक |
| ख) गाउँपालिका उपाध्यक्ष | - | सदस्य |
| ग) सामाजिक विकास समितिको संयोजक | - | सदस्य |
| ङ) महिला, दलित र अल्पसंख्यक मध्येबाट १/१ जना सदस्य | - | सदस्य |
| च) प्रशासन शाखा प्रमुख | - | सदस्य |
| छ) स्वास्थ्य शाखा प्रमुख | - | सदस्य |
| ज) प्रहरी ईन्चार्ज (गाउँपालिका क्षेत्रको प्रहरी चौकीको प्रमुख) | - | सदस्य |
| झ) उद्योग, वाणिज्य संघ वा व्यापार तथा व्यवसायी संघको प्रमुख | - | सदस्य |
| ञ) गाउँपालिका स्तरीय निगरानी समुहको अध्यक्ष | - | सदस्य |
| ट) प्रमुख प्रशासकीय अधिकृत | - | सदस्य सचिव |

६.२ उपदफा ५.१ को (ङ) बमोजिमका सदस्यहरु गाउँकार्यपालिकाको निर्णय बमोजिम छनोट हुने हुनेछन् ।

